प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मोरङ्ग

कोशी प्रदेश, विराटनगर

सूचना नं. :६/२०८०/८१

## प्रस्ताव आव्हान सम्बन्धी सूचना!!!

प्रथम पटक प्रकाशित मिति- २०८०/०९/०१

कृषि ज्ञान केन्द्र मोरङ्गको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ तथा नियमावली र मापदण्ड २०७८** बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम कार्यान्वयनका लागि मोरङ्ग जिल्ला अन्तर्गतका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८०/०९/२२ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समयमा तपसिलका आवश्यक कागजातहरुका साथ प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना आव्हान गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन। थप जानकारीको लागि यस कार्यालयको फोन नं.०२१-५९०८५२/५९०८५३ र सूचना अधिकारीको मो.नं.९८५२०८५०५३ मा कार्यालय समय भित्र सम्पर्क राख्न हुन वा उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट www.moiac.koshi.gov.np बाट कार्यक्रम सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण/ लक्ष्य | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने साझेदार तथा ध्यान दिनुपर्ने कुराहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | मागमा आधारित कार्यक्रम | ३० | लागतको ७५% वा बढीमा १ लाख मात्र | कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | |
| २ | हरियो मल प्रदर्शन कार्यक्रम | १०० | लागतको ७५% वा बढीमा ६ हजार मात्र | कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | |
| ३ | जुट खेति प्रवर्द्धन कार्यक्रम | १० | लागतको ७५% वा बढीमा ५० हजार मात्र। | कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | |
| ४ | गडयौली मल उत्पादन तथा प्राङ्गारिक मल सुधार कार्यक्रम | १० | लागतको ७५% वा बढीमा ५० हजार मात्र। | कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | दोस्रो पटक प्रकाशित। |

**प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु:**

- रु. १०/- को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना।
- निवेदक कृषकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित कार्यक्रम संग प्राविधिक ज्ञान तथा अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपि।
- सम्वन्धित स्थानीय तह/वडा/कृषि शाखाको सिफारिस पत्र।
- कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्मको प्रमाण पत्र दर्ता वा नवीकरणको प्रमाणित प्रतिलिपि र समुह सहकारीको बैठक निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय।

(रामदेव सिंह)
निमित्त प्रमुख

इमेल ठेगाना: akcmorang@gmail.com, फोन नं. : ०२१-५९०८५२,५९०८५३

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मोरङ्ग

कोशी प्रदेश, विराटनगर

- संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- गत आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाण पत्र प्रतिलिपि।
- सहकारी/फर्म/कम्पनीहरुको हकमा आ.व. २०७९/०८० को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
- आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व: घोषणा पत्र।
- आफ्नो स्वामित्व खुल्ने जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपि/जग्गा भाडामा लिइ खेति गरिएको भए ५ वर्षको करारनामा गरेको प्रमाणित कागजात।
- संस्थागत प्रस्तावना (कृषक समुह,सहकारी, निजी फर्म) निवेदन दस्तुर रु. २००/- र व्यक्तिगत कृषकहरुको हकमा प्रस्तावना निवेदन दस्तुर रु. १००/- तथा रु. ५० लाख भन्दा बढी प्रस्तावनाको हकमा रु. ५००/- कृषि ज्ञान केन्द्र मोरङ्गको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०११३०३१, राष्ट्रिय वाणिज्य बैक, विराटनगरमा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा (अनुसुची-२) र सम्वन्धित कार्यक्रम संचालन सम्बन्धी मापदण्ड कृषि ज्ञान केन्द्र, मोरङ्ग र स्थानिय तहको कृषि बिकास शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ। आवेदकहरुले बिगत ३ आर्थिक बर्षमा बिभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

..................

रामदेव सिंह

**निमित्त प्रमुख**